Contents

# विषय सूची

१. संगठन तालिका

२. वर्तमान संचालक समिति

३. कम्पनीका संस्थापक शेयरधनीहरु

४. एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

५. प्रवेश-पत्र र प्रतिनिधि नियुक्त गर्ने फाराम

६. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने वार्षिक प्रतिवेदन

७. लेखा परीक्षकको प्रतिवेदन सहितको आय-व्यय विवरण र वासलात

८. Chilime Hydropower Plant: An Overviw of FY 2063/64

९. Financial and Equity Share Structures

१०. Generation Status of Chilime Hydropower Plant

११. Investment Ratio र शेयर मुल्य

१२. System Load Curve

१३. आयोजनाहरुको Sailent Features

१४. Photographs of Plants and Projects

# वर्तमान संचालक समिति



श्री अर्जुन कुमार कार्की
अध्यक्ष



श्री उत्तर कुमार श्रेष्ठ
संचालक



श्री दीपक प्रसाद उपाध्याय
संचालक



डा. श्री जीवेन्द्र झा
संचालक



श्री गोकर्ण प्रसाद शर्मा
संचालक



श्री कुमार प्रसाद ओझा
संचालक



डा. श्री डम्वर बहादुर नेपाली
प्रवन्ध संचालक



श्री विदुर बहादुर ढुंगाना
कम्पनी सचिव

# कम्पनीका पदाधिकारीहरू



डा. श्री डम्बर बहादुर नेपाली
प्रवन्ध संचालक



श्री लिलानाथ भट्टराई
आयोजना प्रमुख



श्री प्रकाशमान श्रेष्ठ
आयोजना प्रमुख



श्री हितेन्द्र देव शाक्य
आयोजना प्रमुख



श्री प्रहलाद चौधरी
प्लाण्ट प्रवन्धक



श्री विदुर बहादुर ढुंगाना
लेखा प्रमुख



श्री केदार प्रसाद धिताल
प्रशासन प्रमुख



श्री मुरलि प्रसाद शर्मा
कानूनी सल्लाहकार

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

## एघारौं वार्षिक साधारण सभा सम्वन्धी सूचना

संचालक समितिको मिति २०६४/०९/२६ को निर्णय अनुसार यस कम्पनीको एघारौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी स्वयम् उपस्थित हुन वा रितपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनुहुन सवै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मिति : २०६४ माघ २७ गते आइतवार(फेब्रुअरी १०, २००८)

समय : दिनको २:०० बजे ।

स्थान : श्री वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, बानेश्वर, काठमाण्डौ ।

**साधारण सभाको विषय सूचिः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यू बाट आ.व. २०६३/०६४ को वार्षिक प्रतिवेदनको प्रस्तुति ।

२. लेखापरीक्षण प्रतिवेदन सहित २०६४ आषाढ मसान्तको वासलात र आ.व. २०६३/०६४ को नाफा/नोक्सान हिसाव तथा नगद-प्रवाह विवरणमा छलफल गरी पारित गर्ने ।

३. आ.व. ०६४/०६५ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण ।

४. संचालक समितिबाट सिफारिश भए बमोजिम लाभांश वितरण गर्ने स्विकृति ।

५. विशेष प्रस्तावः

  ५.१ संचालक समितिबाट सिफारिश भए बमोजिम सर्वसाधारणलाई प्रिमियम मुल्यमा साधारण शेयर जारी गर्ने सम्वन्धमा ।

६. विविध ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड
## कालिकास्थान, काठमाण्डौं ।

## प्रतिनिधि नियुक्त गर्ने फारम

..............................बस्ने म/हामी ............................... ले चिलिमे जलविद्युत कम्पनी लिमिटेडको शेयरधनीको हैसियतले मिति २०६४ साल माघ २७ गते आइतवार (फेब्रुअरी १०, २००८) का दिन हुने एघारौं बार्षिक साधारण सभामा मेरो/हाम्रो प्रतिनिधित्व गरी भाग लिन ............................... ....................... बस्ने श्री ............................... लाई नियुक्त गरेको छु/छौं ।

| प्रतिनिधि हुनेको | प्रतिनिधि नियुक्त गर्नेको |
|---|---|
| नाम : | नाम : |
| दस्तखत : | दस्तखत : |
| ठेगाना : | ठेगाना : |
| शेयर प्रमाणपत्र नं. : | शेयर प्रमाणपत्र नं. : |
| शेयर संख्या : | शेयर संख्या : |
| मिति : | मिति : |

**द्रष्टब्य :** प्रतिनिधि नियुक्त गर्दा चिलिमे जलविद्युत कम्पनी लि.को शेयरधनी बाहेक अरुलाई गर्न पाइने छैन ।

---

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

## प्रवेश-पत्र

कम्पनीको मिति २०६४ साल माघ २७ गते आइतवार (फेब्रुअरी १०, २००८) का दिन हुने एघारौं बार्षिक साधारण सभामा भाग लिन यो प्रवेश-पत्र जारी गरिएको छ ।

..........................
कम्पनी सचिव

शेयरधनीको नामः

प्रमाण पत्र नं. :

शेयर संख्या :

(सभा कक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ ।)

# एघारौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०६३/०६४ को

# वार्षिक प्रतिवेदन

**शेयरधनी महानुभावहरु,**

यस कम्पनीको ११ औं वार्षिक साधारणसभामा यहाँहरुलाई स्वागत गर्न र आर्थिक वर्ष २०६३/०६४ को सञ्चालक समितिको प्रतिबेदनका साथै सोही वर्षको लेखापरीक्षण भएका वित्तिय विवरणहरु सभाको स्वीकृतिको लागि प्रस्तुत गर्न पाउदा मैले अत्यन्त खुशि र गौरबको महशुस गरेको छु । यस अवसरमा यहाँहरु समक्ष सञ्चालक समितिको तर्फबाट यस कम्पनीको कार्यसम्पादन विवरणहरु प्रस्तुत गर्न चाहन्छु ।

सर्वप्रथम म समिक्षा अबधिको कारोबारको अवस्था संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

## १. विगत वर्षको कारोबारको सिंहावलोकन

(क) आ.ब. २०६३/०६४ मा नेपालको राजनीतिक अवस्था तरल रहेको कारणले आर्थिक गतिविधिहरु सिथिल अवस्थामा रहे जसको प्रत्यक्ष प्रभाव नेपाली उद्योग व्यवसाय तथा निर्माण ब्यवसायमा पर्न गई सबै उद्योग व्यवसायबाट आशातीत प्रतिफल हासिल हुन सकेको देखिएन । तर पनि यस कम्पनीले शेयरधनी महानुभावहरुलाई सोचे जस्तो प्रतिफल दिन सफल रहेको कुरा सुनाउन पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

निम्न तथ्यांकहरुले कम्पनीको गत आ.व. ०६२/०६३ मा तथा यस आ.व. २०६३/०६४ को कार्यसम्पादनको तुलनात्मक स्थिति झल्काउछ ।

(रु.हजारमा)

| विवरण | आर्थिक वर्ष | | बृद्धि | |
|---|---|---|---|---|
| | २०६३/०६४ | २०६२/०६३ | रकम (रु.) | प्रतिशत (%) |
| विद्युत विकी आम्दानी | ९०३५४१ | ८१९४१५ | ८४१२६ | १०.२७ |
| अन्य आम्दानी | ७१५ | २५७९ | (१८६४ ) | (७२.२८) |
| **जम्मा आम्दानी** | **९०४,२५६** | **८२१,९९४** | **८२२६२** | **१०.०१** |
| विक्रीको लागत | ५४,०८९ | ४५,४३७ | ८६५२ | १९.०४ |
| प्रशासकीय खर्च | ३३,८७९ | ८४,४१५ | (५०५३६) | (५९.८७) |
| ब्याज खर्च | ४५,०२५ | ८१,५६३ | (३६५३८) | (४४.८०) |
| ह्रास खर्च | १०३,७८७ | १०२,८२० | ९६७ | ०.९४ |
| **जम्मा खर्च** | **२३६,७७९** | **३१४,२३५** | **(७७४५६)** | **(२४.६५)** |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | **६६७,४७७** | **५०७,७५९** | **१५९७१८** | **३१.४६** |
| आय कर | - | - | - | - |
| **आय कर पछिको नाफा** | **६६७,४७७** | **५०७,७५९** | **१५९७१८** | **३१.४६** |
| शेयर संख्या | ७२९५६५५ | ७२९३९८० | १६७५.०० | ०.०२ |
| प्रतिशेयर आम्दानी | ९१.४९ | ६९.६१ | +२१.८८ | ३१.४३ |
| प्रतिशेयर लाभांस | ३०.०० | ३५.०० | (५.०० ) | (१४.२९) |
| प्रतिशेयर सञ्चित नाफा | ६१.४९ | ३४.६१ | +२६.८८ | ७७.६६ |

(ङ) कम्पनीको शेयरको बजार मूल्य निरन्तर बढ्ने क्रममा रहेको छ । चिलिमे कम्पनीले बजारमा कमाएको ख्यातीले अधिकांश लगानीकर्ताहरुलाई जलविद्युत क्षेत्रमा लगानी गर्न आकर्षित तुल्याएको छ । आ.व. २०६३/०६४ को शेयरको बजार मूल्य निम्न ग्राफबाट प्रष्ट पार्ने प्रयास गरिएको छ ।




## २. भावी योजना एवं कार्यक्रमः

विद्युत उत्पादन तथा वितरण लगायतका उद्देश्य बमोजिम कार्य गर्न कम्पनी प्रतिबद्ध रहेको कुरा त यहाँहरु सबैलाई अवगत नै छ । यस उद्देश्य प्राप्तीको लागि निम्न आयोजनाहरुको अध्ययन तथा निर्माण प्रक्रिया अगाडि बढिरहेको कुरा यहाँहरुलाई अवगत गराउन चाहन्छु ।

### क. सान्जेन (माथिल्लो) जलविद्युत आयोजना (११ मे.वा.)

यो आयोजना आर्थिक, सामाजिक तथा प्राविधिक दृष्टिकोणबाट सम्भाव्य देखिएको छ । यो आयोजनाले शेयरधनी महानुभावहरुको लगानीमा उचित प्रतिफल दिन सफल हुने कुरामा म विश्वास दिलाउन चाहन्छु । यस सन्दर्भमा सबै पूर्वाधारहरु पुरा गर्दै ने.वि.प्रा. सँग विद्युत खरिद बिकी संभौताको प्रकृया शुरु भईसकेको छ भने चालु आ.व. २०६४/०६५ देखि प्रारम्भिक निर्माण कार्य थालिने गरी कार्यक्रममा समावेश गरीएको छ ।

### ख. सान्जेन जलविद्युत आयोजना (३५ मे.वा.)

यो आयोजना पनि आर्थिक, सामाजिक तथा प्राविधिक दृष्टिकोणबाट निकै आकर्षक देखिएको छ । यो आयोजनाको निर्माणबाट कम्पनीको क्षमता एवं विश्वस्नीयता बृद्धि हुनका साथै लगानीकर्तालाई समुचित प्रतिफल प्राप्त हुने र स्थानिय वासिन्दाको जीवनस्तरमा समेत निकै सकारात्मक परिबर्तन ल्याउने कुरामा विश्वस्त हुन सकिन्छ । यो आयोजना निर्माणको लागि नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिकी सम्भौताको लागि निवेदन पेश भै सकेको छ र साथै वातावरणीय अध्ययन कार्य समेत भइरहेको छ ।

### ग. मध्य भोटेकोशी जलविद्युत आयोजना (८० मे.वा.)

सिन्धुपाल्चोक जिल्लामा अवस्थित अरनिको राजमार्गको छेउमा पर्ने ८० मेगावाट क्षमताको यस मध्य भोटेकोशी जलविद्युत आयोजनाको अध्ययनको सिलसिलामा सम्भाब्यता अध्ययन तथा वातावरणीय प्रभाव मुल्याङ्कन अध्ययनको लागि आवश्यक कार्य क्षेत्र निर्धारण र कार्य सूचि तयार गर्ने कार्य यो कम्पनीले सम्पन्न गरिसकेको छ । विद्युत आपूर्तिमा देखिएको कमिलाई केही हदसम्म पूर्ति गर्न र आयोजनाको